# लेखापरीक्षण प्रतिवेदन

## बनगाड नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बनगाड नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/710

श्रीमान् प्रमुखज्यू,
बनगाड नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, सल्यान ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/710

**विषय: लेखापरीक्षण प्रतिवेदन।**

श्रीमान् प्रमुखज्यू
बनगाड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सल्यान।

**१.कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**२.कैफियतसहितको राय व्यक्त गर्ने आधार**

**२.१.** महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

**२.२.**नगरपालिकाको आय व्ययतर्फ रु. १ अर्ब ४३ करोड ९ लाख ४५ हजारको लेखापरीक्षणबाट रु.१ करोड ४६ लाख २४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.७४ लाख ८४ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु. ८ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६२ लाख ७० हजार गरी जम्मा रु.७१ लाख ४० हजार बाँकी रहेको छ।गत वर्षसम्म कायम बेरुजु रु.१८ करोड ७४ लाख ८० हजार मध्ये रु.३ लाख फर्स्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.१९ करोड ४३ लाख २० हजार बाकी रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**२.३.** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४.वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा

प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ८१ | १,४६,२४,१७२ | ० | ७१ | ७४,८४,०१८ | ० | ६६ | १० | ७१,४०,१५४ | ८,७०,१२४ | ० | ६२,७०,०३० | ० | ० | ६२,७०,०३० | ० |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १८,७४,७९,७९८ | ० | ३,००,००० | १८,७१,७९,७९८ | ० | ७१,४०,१५४ | १९,४३,१९,९५२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५७.१,५७.४ | शिक्षा तर्फ | १३,३७,००० |
| २ | २०८१/८२ | ६६ | मृत्यूपछिको भुक्तानी | १,८९,२७१ |
| ३ | २०८१/८२ | ४७.३ | पुर्वनिर्धारित क्षतिपुर्ति | ११,३६८ |
| ४ | २०८१/८२ | ६४ | निष्कृय खाता | ५९,४३,६९१ |
| ५ | २०८१/८२ | ७ | कर दायित्व | २,६८९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | १० | एज बिल्ट नक्शा | ३,००,००० |
| जम्मा | | | | ७७,८४,०१९ |

# बनगाड कुपिण्डे नगरपालिका, सल्यान

# ( ८०६६०४०१३०० )

# बनगाड कुपिण्डे नगरपालिका , सल्यान

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्वति सुदृढ गरी विधायकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार संचालन गर्न यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्वेश्य रहेको छ ।यस नगरपालिकामा १२ वडा, ३३८.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३०९६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो।यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२९ देखि २०८२ । ५।२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग २०८२।०५।०२ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्।सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु १ अर्ब ४३ करोड ९ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।सोको विस्तृत विवरण अनुसूचि-१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छन्।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६७२६०३.०० असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | इन्धनमा वढी भुक्तानी (मिति २०८२।५।१ मा लक्ष्मी सनराईज वैंकमा रहेको नगरपालिकाको आन्तरिक खातामा दाखिला भएको) | १३६२५५ |
| २. | विभिन्न २२ वटा विद्यालयको छात्रवृत्तिमा बढी भुक्तानी भएको रकम संघीय संचित कोषमा दाखिला (नेपाल बैँक लि.मा विभिन्न भौचरबाट राजश्व शीर्षक १५१११) | ५१०८०० |
| ३. | शिक्षकको तलबमा बढी भुक्तानी दाखिला (नेपाल बैँक लि.मा भौचर नं ६१०६७०१ मिति २०८२।०५।०५, राजश्व शीर्षक १५१११) | २५५४८ |
| | जम्मा | **६७२६०३** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

एकीकृत आयव्यय- पालिकाको आर्थिक बर्ष २०८१।८२ को एकीकृत आय व्यय निम्नानुसार रहेको छ:

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरु मौज्दात** | **१६८३४६४३६** | **१६८३४६४३६** | **चालु खर्च** | **३६१९७०७९५.०८** | **३६१९७०७९५.०८** |
| १.संचित कोष | १४५०९१६३४ | | १. पालिका तर्फ | १५५२५९८८३.०८ | |
| २.धरौटी | १२०८५७२८ | | २. संघीय सशर्त | २०६७१०९१२ | |
| ३.बिबिध कोष खाता | २४७६००० | | ३. संघीय विशेष | ० | |
| ४. विविध खर्च खाता | १३००३८८ | | ४. प्रदेश सशर्त | **०** | |
| ५ विभाज्य कोष खाता | १३३१५१६ | | | | |
| ६ प्रकोप ब्यबस्थापन कोष खाता | ६०६११७० | | | | |
| **यस वर्षको आय** | **६९७३६६८३९.४१** | | ५. प्रदेश विशेष | **०** | |
| **१.आन्तरिक आय** | ७२३७६५७.१५ | **७२३७६५७.१५** | **पुँजीगत खर्च** | १७०६४८४४० | **१७०६४८४४०** |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | ४८००१६४४४.२६ | **४८००१६४४४.२६** | १. पालिका तर्फ | १३३८२४७७८ | |
| क) समानीकरण अनुदान | १०१८५३६०० | | २. संघीय सशर्त | ६२१०६८३ | |
| ख) राजस्व बाँडफाँट | १२०३७४६९८.२६ | | ३. संघीय विशेष | ३७७७७५२ | |
| ग) सशर्त अनुदान | २५०१९०५०० | | ४. संघीय समपुरक | ३८१९८९४ | |
| घ) समपुरक अनुदान | ३८१९८९४ | | ५. प्रदेश सशर्त | १९२६९९३३ | |
| ङ) विशेष अनुदान | ३७७७७५२ | | ६. प्रदेश विशेष | ३७४५४०० | |
| च) रोयल्टी | | | ७. प्रदेश समपुरक | ० | |
| छ) अन्य | | | **अन्तर सरकारी अख्तियारी (संघ)** | **१५६२५६०२७** | **१५६२५६०२७** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | ४२३२१६७९ | **४२३२१६७९** | क) सामाजिक सुरक्षा | १४००७५०२७ | |
| क) समानीकरण अनुदान | १२८९७००० | | ख) गरिबसँग विशेश्वर कार्यक्रम | १६१८१००० | |
| ख) राजस्व बाँडफाँट | ४६२९६८१ | | ............. | | |
| ग) सशर्त अनुदान | २१०४९५९८ | | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | **१४६४०००** | **१४६४०००** |
| घ) समपुरक अनुदान | ० | | **क उद्धार राहत तथा पुनर्स्थापना भत्ता** | १४६४००० | |
| ङ) विशेष अनुदान | ३७४५४०० | | **ऋणको ब्याज भुक्तानी** | ० | |
| च) रोयल्टी | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | **४५८१९८७** | **४५८१९८७** |
| छ) अन्य | | | **विविध खर्च खाता बाट भएको खर्च** | **१०९५५६९.२१** | **१०९५५६९.२१** |
| **४. अन्तर सरकारी अख्तियारी** | १५६२५६०२७ | **१५६२५६०२७** | **प्रकोप ब्यबस्थापन कोष** | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **(संघ)** | | | **खर्च** | | |
| क) सामाजिक सुरक्षा | १४००७५०२७ | | | | |
| ख) एकिकृत स्वास्थ्य पुर्वाधार | १६१८१००० | | | | |
| ………….. | | | | | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | **अनुदान फिर्ता** | **३७५६०९५२.७२** | **३७५६०९५२.७२** |
| **क उद्धार राहत तथा पुनर्स्थापना भत्ता** | १४६४००० | **१४६४०००** | | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | १. संघ तर्फ | **३७३६२४८७.७२** | |
| **७. धरौटी आय** | **५६३८३९१** | **५६३८३९१** | क) सशर्त अनुदान | ३७३६२४८७.७२ | |
| **८. कार्यसञ्चालन कोष आय** | ० | | ख) विशेष अनुदान | **०** | |
| **९. विविध खर्च** | ४४३२६४१ | **४४३२६४१** | ग) समपुरक अनुदान | **०** | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ० | | २. प्रदेश तर्फ | **१९८४६५** | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | **०** | | क) सशर्त अनुदान | १९८४६५ | |
| | | | ख) विशेष अनुदान | **०** | |
| | | | ग) समपुरक अनुदान | **०** | |
| | | | **अन्तिम मौज्दात** | **१३२१३५५०४.४** | **१३२१३५५०४.४** |
| | | | १. संचित कोष | १०५६८५९८६.५१ | |
| | | | २. धरौटी | १३१४२१३२ | |
| | | | ३. कार्यसञ्चालन कोष विविध | ४७७०२१५.८९ | |
| | | | ४. प्रकोप व्यबस्थापन कोष खाता | ६०६११७० | |
| | | | ५ विविध कोष खाता | २४७६००० | |
| **जम्मा** | **८६५७१३२७५.४१** | **८६५७१३२७५.४१** | **जम्मा** | ८६५७१३२७५.४१ | **८६५७१३२७५.४१** |

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| सिनं | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | सञ्चित कोष खाता | १०५६८५९८६.५१ | १०५६८५९८६.५१ | ० |
| २ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ३ | चालु खर्च खाता | ० | ० | ० |
| ४ | पुँजीगत खर्च खाता | ० | ० | ० |
| ५ | विविध खर्च खाता | ४७७०२१५.८९ | ० | ४७७०२१५.८९ |
| ६ | प्रकोप व्यवस्थापन खाता | ६०६११७० | ६०६११७० | ० |
| ७ | स्थानीय विभाज्य कोष | ० | ० | ० |
| ८ | कर्मचारी कल्याण कोष खाता | २४७६००० | २४७६००० | ० |
| ९ | धरौटी खाता | १३१४२१३२ | १३१४२१३२ | ० |
| १० | ग१.१,आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ११ | ग१.२,बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| | **जम्मा** | **१३२१३५५०४.४०** | **१२७३६५२८८.५१** | **४७७०२१५.८९** |

५ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४००७५०२७.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१६१८१०००.००, उद्दार राहत तथा पुनस्थापनामा रु १४६४०००.०० समेत गरी रु. १५७७२००२७.०० सुत्रमा लेखाङ्कन छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार एकीकृत वार्षिक प्रतिवेदन( म.ले.प.फा.न. २७०) मा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **मौज्दात**

पालिकाको सुत्रमा बैंक हिसाब विवरण अनुसार स्रेस्ता मौज्दात रु. १३२१३२८१५.४० तथा एकीकृत आयव्ययमा रु. १३२१३५५०४.४० देखिएकोले रु. २६८९ फरक छ ।त्यसै गरी यथार्थ बैंक मौज्दात रु. १२७३६५२८८.५१ देखिएकोले श्रेस्ता मौज्दात भन्दा रु. ४७७०२१५.८९ बैंक मौज्दात घटी देखिन्छ। पालिकाको बैंक मौज्दात फरक देखिएकोले बास्तविक मौज्दात सम्बन्धमा एकीन गरी हिसाब मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,७०,२१५.८९ |

७ **कर दायित्व**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **२,६८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता र नियम १८ बमोजिम तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन पेश नगरेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता नराखेको,
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना नभएको,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६ बमोजिम कर्मचारीको कार्यविवरण तयार गरी लागू नगरेको,
- म.ले.प फारमहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आंशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू नगरेको,
- वडामा सिफारिस दस्तुर लिँदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश नभएको,
- कर्णाली प्रदेश आर्थिक ऐन २०८१ को दफा ११(१) बमोजिम प्रदेश भित्र ढुङ्गा, गिट्टी ,बालुवा,रोडा,स्लेट,चुनढुङ्गा, ग्राभेल,माटो र दहत्तर बहत्तर एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) अनुसूची ७ बमोजिम प्रतिघनफिट रु. ५ का दरले शुल्क लगाउने व्यवस्था छ।त्यसै गरी पालिकाको आर्थिक ऐनमा समेत शूल्क लगाउने व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङकन भएको परिमाण बराबरको रकम असुल नगरेको र व्यक्तिबाट विक्री भएका ढुङ्गा को रोयल्टी असुल नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा नगरेको,
- पालिकाकामा कार्यरत जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन नगरेको,
- पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

## ९ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ७२३७६५७.१५ , संघीय तथा प्रदेश राजस्व बाँडफाँड र अनुदानबाट रु.५३४२०५४६१.१५ तथा गत वर्षको जिम्मेवारी रु.१६८३४६४३६.०० समेत रु.७०२५५१८९७.१५ आम्दानी भएकोमा चालुतर्फ रु.३६१९७०७९५.०० र पूँजिगततर्फ रु.१७०६४८४४०.०० समेत रु.५३२६१९२३५.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ९१२२००० खर्च भएको छ जुन आन्तरिक आयको १२६.०४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.९६ प्रतिशत चालु र ३२.०४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १० सेवा प्रवाह

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनुपर्दछ। पालिकाबाट आर्थिक वर्ष २०८१।०८२ मा प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छः

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १०४४ |
| मृत्युदर्ता | २७९ |
| बसाईसराई दर्ता | १५० |
| विवाह दर्ता | ४०६ |
| सम्बन्धविच्छेद दर्ता | ३२ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | १.२५ कि मि |

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरणतर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनुपर्ने र पुर्वाधार विकासतर्फ वार्षिक बजेट र आवधिक योजनासँग तादाम्यता मिलाई लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

## ११ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक दश करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक दश लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु. १७०६४८४४०.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्य बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १३ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि समयभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १४ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।१० मा रु. ७४ करोड ८३ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

## १५ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १७०६४८४४० | ६२९३६९१ | ५४६८२५५ | ३७११२८३८ | १२१७७३६५६ | १००५०९४८५ |
| प्रतिशत | १०० | ३.६९ | ३.२० | २१.७५ | ७१.३६ | ५८.८९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १७०६४८४४० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.६२९३६९१ (३.६९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ५४६८२५५ (३.२० प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ३७११२८३८ (२१.७५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १२१७७३६५६ (७१.३६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १००५०९४८५(५८.८९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १६ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ।पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार वार्षिक लक्ष्य प्रगतिको स्थिति देहाय अनुसार रहेको छः-

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | ८६२ | ९६ | ४७ | १७४ | १९७ | ३४८ |

कार्यक्रमतर्फ ८६२ योजना छनोट गरिएकोमा ९६ वटा शून्य, ४७ वटा २५ प्रतिशत सम्म, १७४ वटा ५० प्रतिशत सम्म, १९७ वटा ७५ प्रतिशत सम्म र ३४८ वटा ७५ प्रतिशत सम्म बढी प्रगति भएको देखिन्छ। अतः लक्ष्य वमोजिम प्रगति हुनेगरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

## १७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | बजेटको तुलनामा खर्च प्रतिशत | कुल खर्च मध्धे खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६१७८००० | २७५०३५४५.१० | ७६.०२ | ५.२९ |
| २ | पूर्वाधार विकास | १७७९९९००० | १०३७३६२८८ | ५८.२७ | १९.९७ |
| ३ | सामाजिक विकास | ३६२२६३००० | २९०२३१९५८.८६ | ८०.११ | ५५.८८ |
| ४ | बातावरण तथा विकास | ४३६००० | ४३६००० | १०० | ०.०८ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४६६००० | ३४१९९१ | ७३.३८ | ०.०७ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १५०९३५०००.५८ | ९७०८९२०५.७२ | ६४.३२ | १८.६९ |
| **जम्मा** | | ७२८२७७००१ | ५१९३३८९८८.६८ | ७१.३१ | १०० |

पालिकाले क्षेत्रगत वार्षिक बजेटको तुल्नामा वातावरण तथा विकासमा सबैभन्दा बढी १०० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र पूर्वाधार विकासमा सबैभन्दा कम ५८.२७ प्रतिशत खर्च गरेको छ। उल्लिखित ६ क्षेत्रको क्षेत्रगत कुल खर्च प्रतिशतमध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा कम ०.०७ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५५.८८ प्रतिशत खर्च भएको छ। आर्थिक विकासमा तथा अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ।

## १८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ।पालिकाले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १२ वडाको लागि वडागत १२६ र पालिकास्तरका ५८ गरी कुल १८४ योजनामा वजेट विनियोजन गरेको छ :

| क्र.स | कार्यक्रमको नाम | योजना संख्या | रु.५ लाखभन्दा कम योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु.२० लाख भन्दा माथिका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५८ | २४ | ९ | २५ |
| २. | वडास्तरीय | १२६ | १२२ | ४ | ० |
| | जम्मा | १८४ | १४६ | १३ | २५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कमजोर हुन सक्ने अवस्था देखिन्छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका पूर्वाधारतर्फका उल्लेखित योजना मध्ये १४८ योजनामात्र कार्यान्वयन भई ३६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १९ रकमान्तर

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तर गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ५१ योजनामा घटाइ ७३ योजनामा बढाई रु. ३७१००००००.०० रकमान्तर गरी हिउँदे नगरसभाबाट स्वीकृत गराएको छ। वर्षको बीचमा रकमान्तर गरी योजना संसोधन हुँदा आर्थिक अनुशासनमा कमी हुने हुँदा रकमान्तर गर्ने कार्य नियन्त्रण गरी कार्यान्वयन हुने योजना शुरुमा नै नगरसभाबाट छनौट गर्नुपर्दछ ।

घटाउनेः

| क्र.सं. | बजेटउपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | बजेटकोस्रोत/तह | रकम |
|---|---|---|---|---|
| १ | ८०६६०४०११०१ | कुपिण्डे ताल पुर्वाधार निर्माण | आन्तरिकश्रोत | १,०००,०००.०० |
| २ | ८०६६०४०११०८ | ढोरपिपल टाट्के र जाईखोला थापाचौर पुछाला सडक | राजस्वबाँडफाँड–स्थानीय | १,०००,०००.०० |
| ३ | ८०६६०४०१२०३ | बामे स्वास्थ्य चौकि योजना | नेपालसरकार | १,५००,०००.०० |
| ४ | ८०६६०४०१२०३ | बामे स्वास्थ्य चौकि योजना | नेपालसरकार | १,०००,०००.०० |
| ५ | ८०६६०४०११०१ | कृष्ण मा वि पर्खाल निर्माण तथा अन्य मर्मत | राजस्वबाँडफाँड–स्थानीय | १,०००,०००.०० |
| ६ | ८०६६०४०११०१ | वडा कार्यालय भवन निर्माण तथा फिनिसिङ्ग ३ | आन्तरिकश्रोत | १,२००,०००.०० |
| ७ | ८०६६०४०११०१ | भैरविआवि बेलखोला भवन निर्माण | राजस्वबाँडफाँड–स्थानीय | १,५००,०००.०० |
| ८ | ८०६६०४०१११२ | गिडाचौर जयतपानि सडक निर्माण | आन्तरिक श्रोत | १,०००,०००.०० |
| ९ | ८०६६०४०११०१ | सडक तथा अन्य संरचना मर्मत सम्भार | नेपालसरकार | ५०००००.०० |
| १० | ८०६६०४०११०१ | अन्य संरचना मर्मत सम्भार | राजस्वबाँडफाँड - संघीयसरकार | ३०००००.०० |

वढाउनेः

| क्र.सं. | बजेटउपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | बजेटकोस्रोत/तह | रकम |
|---|---|---|---|---|
| १ | ८०६६०४०११०१ | मेशिनरी तथा औजार | राजस्वबाँडफाँड - संघीय सरकार | १,५००,०००.०० |
| २ | ८०६६०४०११०१ | वडा कार्यालय फिल्ड तथा पर्खाल निर्माण | राजस्वबाँडफाँड - संघीयसरकार | १,०००,०००.०० |
| ३ | ८०६६०४०११०१ | सल्लिबजार गैरिबजार नालि सरसफाई तथा निर्माण | नेपालसरकार | ३०००००.०० |
| ४ | ८०६६०४०१२०२ | बाजेथान फिल्ड निर्माण | आन्तरिकश्रोत | ४०००००.०० |
| ५ | ८०६६०४०१२०६ | पानसेरा मन्दिर पुर्वाधार निर्माण | नेपालसरकार | ३०००००.०० |
| ६ | ८०६६०४०११०१ | पुछालाखोला रातामाटा सिचाइ कुलो निर्माण | नेपालसरकार | ३०००००.०० |
| ७ | ८०६६०४०१२०८ | नवज्योति मावि फिल्ड निर्माण | नेपालसरकार | ५०००००.०० |
| ८ | ८०६६०४०११०१ | आवि लाहाघाट पाउकोट बिस्तृत परियोजना प्रतिबेदन निर्माण | राजस्वबाँडफाँड - संघीयसरकार | १,५००,०००.०० |
| ९ | ८०६६०४०११०१ | दिपेन्द्र प्रावि कौछे शौचालय निर्माण | आन्तरिकश्रोत | ५०००००.०० |
| १० | ८०६६०४०१२१० | श्री प्रावि थापाचौर पुर्वाधार निर्माण तथा ब्यबस्थापन | नेपालसरकार | ७०००००.०० |

२० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) , स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८क (५) तथा कर्णाली प्रदेश स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,२०८१ को दफा ४३(२) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ रु.१३८६११४६.०० र पालिकातर्फ रु. २१३९४८२७.७० समेत रु.३५२५५९७३.७० खर्च तलब लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

२१ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) अनुसार नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर बाहेकका पदमा करारमा कर्मचारी नियुक्त गर्न नपाईने व्यवस्था छ। कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०८१ को दफा ९ को उपदफा (१२) बमोजिम सहायकस्तर पाँचौं तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको सहायक कम्प्युटर अपरेटर र तहविहीन पदमा कार्यरत सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ।ऐन संघीय ऐनसँग बाझिने गरी प्रदेश ऐनमा सहायकस्तर पाँचौं तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको सहायक कम्प्युटर अपरेटर करारमा नियुक्ति गर्ने व्यवस्था समेत गरेको देखियो।कानून बाझिएमा संघीय ऐन बमोजिम हुने समेत व्यवस्था छ।पालिकाले पेश गरेको विवरण अनुसार करारमा नियुक्त गर्न नमिल्ने देहायका पदहरुमा करारमा ३१ जना कर्मचारी नियुक्त गरी तलब शिर्षकबाट रु.१,००,८८,८८४.०० खर्च लेखेको छ।

| **पद** | **नियुक्ति संख्या** | **वार्षिकतलव भत्ता (चाडपर्व सहित) रु.** |
|---|---|---|
| सव-इन्जिनियर | १ | ४५१४९० |
| असिष्टेन्ट सव इन्जिनियर | ३ | १२८३१७८ |
| अनमि(चौथो) | १३ | ३८८७००० |
| अहेव (चौथो) | ९ | २६९१००० |
| ल्याव टेक्निसियन (चौथो) | १ | २९९००० |
| अमिन ( सहायक चौथो) | १ | ४२७७२६ |
| कम्प्यूटर अपरेटर (सहायक पाँचौ) | १ | ४५१४९० |
| सहायक चौथो | २ | ५९८००० |
| **जम्मा** | **३१** | १००८८८८४ |

अतः करारमा नियुक्त गर्न मिल्ने वाहेकका पदमा स्थायी कर्मचारी पदपूर्ति हुनुपर्दछ।

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९५ दरवन्दी रहेकोमा १६३ पदपूर्ति भई ३२ रिक्त देखिन्छ।दरवन्दी तथा पदपूर्ति सम्वन्धी विवरण देहायअनुसार छः

| सि नं | दरवन्दी विवरण | संघिय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | जि वि स | घरेल | पालिकाबाट स्वीकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ५३ | ४५ | ३ | ० | ७० | २४ | १९५ |
| २ | पदपूर्ती | ३३ | ४२ | ३ | ० | ६१ | २४ | १६३ |
| ३ | रिक्त | २० | ३ | ० | ० | ९ | ० | ३२ |
| ४ | कार्यरत (करार समेत) | ३९ | ४२ | ३ | ० | ६१ | २४ | १६९ |
| ५ | दरवन्दी वेगर | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | स्थायी | ३३ | ३५ | ३ | ० | ० | ० | ७१ |
| ७ | करार | ६ | ७ | ० | ० | ६१ | २४ | ९८ |
| **जम्मा** | | **३९** | **४२** | **३** | **०** | **६१** | **२४** | **१६९** |

पालिकाले संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट दरबन्दी स्विकृत गरी प्रदेश निजामती किताबखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गर्नुपर्नेमा संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेको देखिएन। संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेपनि पद दर्ता गरी लोकसेवाबाट पदपूर्ति नगरी पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेको देखियो ।पालिकाको कार्यवोझ र आम्दानीका श्रोतका आधारमा दरवन्दी स्वीकृत गरी प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गराई प्रदेश लोकसेवा मार्फत स्थायी रुपमा पदपूर्ति गर्नुपर्दछ।

२३ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगर/गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७७ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार यस पालिकाबाट आर्थिक वर्ष २०८१/८२ मा रु. ९१ लाख २२ हजार सुविधा वापत भुक्तानी भएको छ ।

२४ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

२५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । साथै महालेखानियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण निर्देशिकामा त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने समेत उल्लेख छ।पालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई प्रतिबेदन समेत गर्नुपर्दछ ।

२६ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ ऐन, १३ कार्यविधि, १२ निर्देशिका र ३ नियमावली लगायत ४२ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । राजपत्रमा प्रकाशित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ ।

२७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २६ र यो वर्ष थप भएको ४ गरी कुल ३० विवाद दर्ता भएकोमा ६ मात्र फर्स्यौट भई २४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७०६५०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ७२३७६५७.१५ अर्थात अनुमान भन्दा २.४४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने विशेष कार्यक्रम संचालन गर्नुपर्दछ।

२९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष रु. ७२३७६५७.१५ राजश्व आम्दानी भएकोमा राख्नपर्ने मलेप फारम नराखेको, प्राप्त राजश्व परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुनुपर्दछ।शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ५००००० | २१०८५२ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १०००००० | ११७५०४५ |
| ४ | ११३१७ | वहाल कर | ५००००० | ३३९०१० |
| ५ | ११४५१ | सवारी साधनकर (साना सवारी) | १००००० | ८०० |
| ६ | ११६९१ | अन्य कर | ५०००० | ५१५० |
| ७ | १४२२१ | न्यायिकदस्तूर | ५००० | ३४०० |
| ८ | १४२२४ | परीक्षाशुल्क | १००००० | ४५७०० |
| ९ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ११००००० | ६९०६०० |
| १० | १४२४२ | नक्सापासदस्तुर | ३००००० | ५९६३०.४९ |
| ११ | १४२४३ | सिफारिशदस्तुर | १२००००० | ११६९००० |
| १२ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ५००००० | ५९२७०० |
| १३ | १४२४५ | नाताप्रमाणित दस्तुर | १००००० | १०२००० |
| १४ | १४२४९ | अन्यदस्तुर | ४००००० | ४३७२८४.४३ |
| १५ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ० | २००८० |
| १६ | १४१९१ | पर्यटन शुल्क | ४००००० | ० |
| १७ | १४५२९ | अन्यराजस्व | ० | ७००० |
| १८ | १४६११ | व्यवसाय कर | ८००००० | ८४२९७० |
| १९ | १५१११ | बेरूजू | १०००० | ० |
| **जम्मा** | | | **७०६५०००** | **५७०१२२२** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।आन्तरिक आय रु ७२३७६५७.१५ असुल भएकोमा रु ५७०१२२२.०० आम्दानी देखाएकाले रु १५३६४३५.१५ प्रणालीमा प्रविष्ट भएको देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्ने र सवै आम्दानी प्रणालीमा प्रविष्ट गर्नुपर्दछ।

३० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको प्राप्तिको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट प्राप्ति (संघ र प्रदेशबाट प्राप्त) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२२३३८१२३.२६ | ७२३७६५७.१५ | १.३८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको प्राप्तिको तुलनामा आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नुपर्दछ ।

३१ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ८०००००.०० प्रक्षेपण गरेकोमा रु.८४२९७०.०० असुल भएको छ। पालिका भित्र रहेका व्यवसाय र व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३२ **आर्थिक सहायता**

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट २१ जना व्यक्तिलाई रु.२१०००१.०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राखेको देखिएन।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.७२३७६५७.१५ को २.९० प्रतिशत हुन आउँछ। आर्थिक सहायता वितरण गर्दा आन्तरिक आय समेतलाई ध्यान दिनुपर्दछ।

| भौचर नं | सहायता पाउनेको विवरण | बैंकको नाम | रकम |
|---|---|---|---|
| ९२ | इन्द्र बहादुर पुन मगर | लक्ष्मीसनराईज बैंक लि. ०६९२००३६६७७ | १०,०००.०० |
| ९२ | बेल बहादुर खत्री | लक्ष्मीसनराईज बैंक लि. २२४१५४०१४०२०५००१ | १०,०००.०० |
| ९२ | लक्ष्मी कुमारी बुढा क्षेत्री | लक्ष्मीसनराईज बैंक लि. २२४१४९११४००७८००१ | १०,०००.०० |
| १५२ | दाम्रे कामी | लक्ष्मीसनराईज बैंक लि. २२४१५६५६१४२०५००१ | १०,०००.०० |
| १९७ | पियूबार वस्नेत | सांग्रिलाडिभलप्मेंट बैंक लि. १०७०१२००४३५३०८००००००१ | १०,०००.०० |
| १९७ | भिम बहादुर बोहरा | लक्ष्मीसनराईज बैंक लि. २२४१४९८०६४०४४००१ | १०,०००.०० |
| २५३ | रन्जीता बुढा लाली घर्ती मगर | लक्ष्मीसनराईज बैंक लि. ०६९२३०१०६७८ | १०,०००.०० |
|  | लाली घर्ती मगर | लक्ष्मीसनराईज बैंक लि. २२४१५७१२२१०२३००१ | १०,०००.०० |
| ३८२ | काले नेपाली | लक्ष्मीसनराईज बैंक लि. २२४१६१७५५०२०५००१ | १०,०००.०० |
| ४२१ | तुल बहादुर वली | सांग्रिलाडिभलप्मेंट बैंक लि. १०७०१२००५२९०१००००००१ | १०,०००.०० |
| ४४८ | खिम बहादुर पुन मगर | लक्ष्मीसनराईज बैंक लि. २२४१६२७६१२२०५००१ | १०,०००.०० |
| ४४८ | चन्द्र काली बुढाथोकि | कुमारीबैंक लि. ०२५००१५२७७१००००१ | १०,०००.०० |
| ४४८ | जित बहादुर कामी | लक्ष्मीसनराईज बैंक लि. ०६९२००२७७६७ | १०,०००.०० |
| ५१६ | दिला वि.क. | लक्ष्मीसनराईज बैंक लि. ०६९२००४१६८८ | १०,०००.०० |
| ६१३ | मोती कामी | लक्ष्मीसनराईज बैंक लि. ०६९२३०१३५८७ | १०,०००.०० |
| ६१३ | शान्ता वुढा | सांग्रिलाडिभलप्मेंट बैंक लि. १०७०१९००५४८५६२००००००१ | १०,०००.०० |
| ६१३ | हर्क विरे कामी | लक्ष्मीसनराईज बैंक लि. ०६९२००३८९८५ | १०,०००.०० |
| ८५९ | खिमलाल वि.क. | लक्ष्मीसनराईज बैंक लि. ०६९२००१०६८४ | १०,०००.०० |
| ८५९ | गोपाल थापा | लक्ष्मीसनराईज बैंक लि. ०६५०८०९२१०२०५००१ | १०,००१.०० |
| ८५९ | ताजे पुन मगर | सांग्रिलाडिभलप्मेंट बैंक लि. १०७०१२००५१७६७६००००००१ | १०,०००.०० |
| ८५९ | भिम बहादुर बुढा मगर | लक्ष्मीसनराईज बैंक लि. २२४११३७४०१२०५००२ | १०,०००.०० |
| **जम्मा** |  |  | **२१०,००१.००** |

## ३३ कार्यविधि वेगर खर्च

नेपाल सरकार अर्थमन्त्रालयद्वारा प्रकाशित सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्वन्धि मापदण्ड २०८१ अनुसार सार्वजनिक खर्चमा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ।साथै सार्वजनिक निकायले खर्च गर्दा कानून वमोजिमको नर्म्स र कार्यविधि निर्माण गरेर मात्रै खर्च गर्नुपर्दछ।पालिकाले यो आर्थिक बर्षमा राष्ट्रपति रनिङ्ग शिल्ड, मेयर कप तथा वडा स्तरिय खेलकुद तथा अतिरिक्त क्रियाकलाप गराई रु.६६,०२,६८६.०० खर्च लेख्दा अधिकांश खर्च खाना, खाजा, होटल बास, यातायात, पारिश्रमिक र पुरस्कारमा खर्च गरेको देखियो।पालिकाले यस्ता प्रकृतिका खर्च गर्दा कार्यविधि तयार गरी नर्मस र मापदण्डका आधारमा खर्च गर्नुपर्दछ।

| भौ न | कार्यक्रम | खर्च रकम |
|---|---|---|
| ५१३।२०८२।१।२५ | क्रिकेट मेयर कप | १५५००० |
| ५२८।२०८२।२।६ | मेयर कप खेलकुद | १००००० |
| ६५८।२०८२।३।१३ | तेश्रो मेयर कप खेलकुद प्रतियोगिता | १२९१०८७ |
| ६७४।२०८२।३।१६ | वडा स्तरीय खेलकुद कार्यक्रम | २५०००० |
| ६७७।२०८२।३।१६ | वडा स्तरीय खेलकुद कार्यक्रम | २५०००० |
| ६८३।२०८२।३।१७ | वडा स्तरीय खेलकुद कार्यक्रम | ३००००० |
| ७०३।२०८२।३।१८ | वडा स्तरीय खेलकुद कार्यक्रम | ३५०००० |
| ७१८।२०८२।३।१९ | वडा स्तरीय खेलकुद कार्यक्रम | ११४९३०० |
| ७४५।२०८२।३।२१ | वडा स्तरीय खेलकुद कार्यक्रम | २९९९४० |
| ७९९।२०८२।३।२४ | वडा कप तथा मेयक कप | ५००००० |
| ८०७।२०८२।३।२४ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता | १४५८८३४ |
| ८२९।२०८२।३।२५ | वडा स्तरीय खेलकुद | २४८५२५ |
| ८४०।२०८२।३।२५ | वडा स्तरीय खेलकुद | २५०००० |
| **जम्मा** | | **६६०२६८६** |

## ३४ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाको विविध शिर्षकमा रु.९,८७,५५३.०० खर्च देखिएकोमा सो मध्ये खाना, खाजा र अतिथि सत्कारमा रु.६,६०,२५८.०० खर्च गरेको छ।विविध खर्चमध्ये खाना खाजाका अतिरिक्त सरसफाई, मर्मत सम्भार, मसलन्ध, खेलखुद, पानी, बिजुली, ढुवानी लगायतमा रु.३,२७,२९५.०० खर्च गरेको छ।उक्त रकम आन्तरिक आय रु.७२,३७,६५७.०० को तुलनामा खाना खाजामा ९.१२ प्रतिशत रहेको छ।खाना खाजा तथा अतिथी सत्कार खर्चमा औचित्य पुष्टि हुने निर्णय, माइन्यूट, समय तथा उपस्थिति संख्या लगायतको प्रमाण संलग्न गरी खर्च लेख्नुपर्ने र कार्यविधि एवं मापदण्ड बनाई खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

## ३५ सहकारी अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट सहकारीको अनुगमन निरिक्षण गरेको पाइएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन ।पालिकाले पेश गरेको विवरण अनुसार ८ सक्रिय रहेको र ७ निस्क्रिय रहेको देखिन्छ।२ वटाले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा विवरण भरेका छैन्न।तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।समस्याग्रस्त सहकारीको अनुगमन गरी हिनामिना भएको देखिए कारवाही प्रक्रिया अघि बढाउनुपर्छ।

## ३६ विद्युत महसुलमा जरिवाना

विद्युत महशुल समयमा भुक्तानी गरी रिबेट (छुट) समेत लिनुपर्दछ।पालिकाले देहायवमोजिम विधुतको महसुल समयमै भुक्तानी नगरेकोले थप व्ययभार परेको छ।समयमा महसुल वुझाई छुट सुविधा लिनुपर्नेमा यसरी जरिवाना तिर्दा अनावश्यक व्ययभार परेको हुँदा यस्ता खर्च समयमै भुक्तानी गर्नुपर्दछ।

| गौ.भौ.न ।मिति | विवरण | भुक्तानी रकम | जरिवाना रकम |
|---|---|---|---|
| १५०।२०८१।९।२ | वार्ड नं ५ को कार्यालयको श्रावण र भाद्रको विधुत महसुल भुक्तानी | १०२०५ | १५६३.०६ |
| २७३।२०८१।१०।९ | पालिकाको विभिन्न शाखा उपशाखा तथा कार्यालयको मंसिर पुष र माघको महसुल | २७५८४५ | ४६१९१.३८ |
| जम्मा | | | ४७७५४.४४ |

### ३७ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्दछ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

### ३८ सूचनाको हकको कार्यान्वयन

नेपालको संविधान २०७२ को धारा २७ मा सूचनाको हकको व्यवस्था छ।राष्ट्रिय सूचना आयोगको पत्र संख्या २०८१।८२, च नं ४४२ मिति २०८२ असार ९ को निर्णय नं ४ मा महालेखा परीक्षकको कार्यालयले अन्तिम लेखापरीक्षण गर्दा सूचनाको हकसम्वन्धि ऐन २०६४ र नियमावली २०६५ वमोजिम नागरिकको सूचनाको हकको सम्वर्द्धन संरक्षण र प्रचलन गर्ने सन्दर्भमा सूचना अधिकारी तोके नतोकेको, सूचना वर्गिकरण र अद्यावधिक गरे नगरेको, त्रैमासिक रुपमा विवरण प्रकाशन गरे नगरेको, वेभसाईट नियमित अद्यावधिक गरे नगरेको र माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुटै अभिलेख राखे नराखेको परीक्षण गर्न अनुरोध भएको छ। लेखापरीणको क्रममा छलफल गर्दा सूचना वर्गिकरण र अद्यावधिक नगरेको, त्रैमासिक रुपमा सूचना प्रकाशन नगरेको र माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको छुट्टै अभिलेख राखेको नपाईएकोले अभिलेख अद्यावधिक गर्नुपर्दछ।

### ३९ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले ठेक्काको प्रकार, माध्यम, लागत अनुमान, सम्झौता, भुक्तानी, भेरियशन, मूल्य समायोजन, म्याद थप, कार्य सम्पादन जमानत, पेश्की जमानतको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### ४० ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २१.७१ देखि ६१.२० प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै

गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४१ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद (बाहौँ सशोधन) नियमावलीको नियम ८५ १(क) मा दस लाखसम्मको लागत अनुमान भएको निर्माण कार्य सोझै गर्न सकिनेमा नियम ८४ (१) बमोजिम बीस लाख रुपैयासम्मको शिलबन्दी दरभाउपत्र र नियम ३१(१) बमोजिम बीस लाख भन्दा बढीको निर्माण कार्य खुला बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष चालु किसिमका मालसामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई पटकपटक सोझै खरिद गरेको देखियो।सोझै खरिद सम्बन्धी उदाहरण देहाय अनुसार छः

| गौ.भौ.न ।मिति | विवरण | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| १४५।२०८१।८।१९ | मसलन्द तथा कार्यालय सामाग्री | युनाइटेड टेक्नोलोजी | ७९४६० |
| १५७।२०८१।९।३ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं १० को कार्यालय | २९२५३ |
| १६०।२०८१।९।३ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ५ | २४३०० |
| १९३।२०८१।९।१२ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं २ | ३६६९० |
| २००।२०८१।९।१२ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ८ | ३०५४० |
| २०१।२०८१।९।१२ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ११ | ४५५३० |
| २०६।२०८१।९।१५ | मसलन्द तथा कार्यालय सामाग्री | जि एस ट्रेडिङ्ग, न्यू त्रिसिद्धेश्वरी अफसेट प्रेस र पशुपति सप्लायर्स | २०९४७५ |
| २०९।२०८१।९।१६ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ६ | २१०३० |
| २१४।२०८१।९।१६ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ३ | ४९१४० |
| २१५।२०८१।९।१६ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ७ | ३०६०० |
| २२४।२०८१।९।१६ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ४ | ३७२७० |
| २५३।२०८१।९।२९ | मसलन्द तथा कार्यालय सामाग्री | भानुभक्त स्टेशनरी प्रा लि | ५८८१० |
| २५६।२०८१।९।२९ | मसलन्द तथा कार्यालय सामाग्री | ढकाल अफसेट प्रेस एण्ड सप्लायर्स | ४६१९४४ |
| २६१।२०८१।१०।४ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं १२ | ४८४२० |
| २९२।२०८१।१०।२८ | मसलन्द तथा कार्यालय सामाग्री | वडा नं ९ | ३७८१० |
| ४४९।२०८१।१२।१३ | मसलन्द तथा कार्यालय सामाग्री | युनाइटेड टेक्नोलोजी | ९६८३५ |
| ४४९।२०८१।१२।१३ | मसलन्द तथा कार्यालय सामाग्री | रिश्ता अफसेट प्रेस | २०६४० |
| ४६२।२०८१।१२।१३ | मसलन्द तथा कार्यालय सामाग्री | आरटेक सप्लायर्स | ८५४२८ |
| ४६८।२०८१।१२।१३ | मसलन्द तथा कार्यालय सामाग्री | ए टु जेड कम्यूनिकेशन कर्नर | ९५४८४ |
| **जम्मा** | | | **१४९८६५९** |

## ४२ स्पेशिफिकेसन प्रमाणिकरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।वडा नं. १२ को कार्यालय प्रयोजनका लागि सवारी साधन खरिद अन्तर्गत १५०SD Pulsar बाइक रु. ३,१३,०८०.०० मा खरिद गरेको छ।स्पेशिफिकेसन अनुसारको बाइक खरिद भयो भनी मेकानिकल इन्जिनियरले प्रमाणित गरेको नदेखिएकोले तोकिएकै स्पेशिफिकेशन वमोजिम खरिद भए नभएको एकिन नहुँदा प्रमाणित गरेको प्रमाण पेश गर्नुपर्दछ।

## ४३ हेभी इक्यूप्मेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतया डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइयो तर नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गरेको एवं नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु निम्नाअनुसार छन।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | निर्माण व्यवसायी | जम्मा प्राविधिक मूल्याङ्कन | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|---|---|
| १५४। २०८१।१२। १२ | काफलनेटी भदाले वैशारु सडक निर्माण उ स | सडक निर्माण | शुभ आशिर्वाद कन्सट्रक्सन प्रा लि | १०८२१६४ | ८७९५९१ | स्काभेटर | ६०००३० |
| ४३।२०८१। १०।७ | वडा नं १० को सडक मर्मत उ स | सडक मर्मत | विराट विर्ढर्स | ५६२७०१ | ४८०००० | स्काभेटर | ४५४९२३ |
| ४८।२०८१। १०।१० | वडा नं ११ को सडक मर्मत उ स | सडक मर्मत | इम्वर कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी | ३८७०८७ | ३२५३८७ | स्काभेटर | ३०६२१७ |
| ४९।२०८१। १०।१० | गोटीखोला सडक निर्माण उ स | सडक निर्माण | दीगो निर्माण सेवा | ११३२९८५ | ९५९७५१ | स्काभेटर | ३९७४२१ |
| ८०।२०८१। ११।१२ | लाहाघाट पाउकोट सडक निर्माण उ स | सडक निर्माण | वुढाथोकी कन्सट्रक्सन | ११२१३९५ | ९५२७३७ | स्काभेटर | ८७२८१२ |
| १५०। २०८१।१२। १२ | आरुखर्क देखि हात्ति टाउके सडक उ स | सडक निर्माण | शुभ आशिर्वाद कन्सट्रक्सन प्रा लि | १०८५९८३ | ८८३७०९ | स्काभेटर | ८२८४५५ |
| १००। २०८१।११। १३ | गैरागाँउ काराकोट सडक निर्माण उ स | सडक निर्माण | दिपकराज निर्माण सेवा | ५६३४२३ | ४७०९०९ | स्काभेटर | ४४३४१० |
| १०८। २०८१।११। २१ | सल्लेरी सुनचौर मोटरबाटो निर्माण | सडक निर्माण | इम्वर कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी | ३९५७९९ | ३३६२७१ | स्काभेटरु | ३१७३५६ |
| जम्मा | | | | | | | ४२२०६२४ |

४४ **मर्मत संभार**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२ मा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक बर्ष २०८१।८२ मा मात्रै पालिकाले पालिकाका नगर प्रमुखले प्रयोग गर्ने गाडी नं बा प्र ०१-००२ झ ५७३५, उप प्रमुख/ प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने बा २ झ ४३७६, २ वटा एम्वुलेन्स (क प्र ०२००१ झ ०१३५, क प्र ०२००१ झ ११३) पालिकाभित्रको फोहोर व्यवस्थापनका लागि प्रयोग भएको टिपर नं रा १ ग ३७, पालिकाको कामका लागि प्रयोगमा रहेको व्याकहुलोडर बा १ ग ३२६१ र विभिन्न कर्मचारीले प्रयोग गर्ने २६ वटा मोटरसाइकलको मर्मत संभारका लागि रु ४०,५६,८०३.०० खर्च गरेको छ।सवारी साधन मर्मतका लागि यति ठुलो रकम खर्च गर्नु उचित दखिदैन।यस्तो प्रकारको खर्च नियन्त्रण गर्नुपर्दछ।

४५ **प्राविधिक बिल र कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित केहि योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको तथा केहिमा घटी कार्य भई कार्यसम्पन्न भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था नरहेको र घटी कार्य गरेको

प्राविधिक पुष्टाई सहित भेरियसन गरेको देखिदैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति तथा नापी मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित नहुने र घटी खर्च गराउन पर्नाको प्राविधिक कारण र पुष्टाई खुलाउनुपर्छ।

४६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद (बाहौँ सशोधन) नियमावलीको नियम ८५ १(क) मा दस लाखसम्मको लागत अनुमान भएको निर्माण कार्य सोझै गर्न सकिनेमा नियम ८४ (१) बमोजिम बीस लाख रुपैयासम्मको शिलबन्दी दरभाउपत्र र नियम ३१(१) बमोजिम बीस लाख भन्दा बढीको निर्माण कार्य खुला बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष देहायअनुसारको निर्माण कार्य कोटेशनमार्फत गराएको देखियो।

| **गो.भौ.नं.।मिति** | **योजनाकार्यक्रमको नाम** | **निर्माण व्यवसायी** | **लागत** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ११-२०८१।०६।२२ | माझकाडाआपचौर सडक निर्माण | शिवशक्तिप्रिजम निर्माण सेवा | ९६२४५३ | ९४९८०१ |
| ३०७-२०८२।०३। २४ | आविलाहाघाट पाउकोट फिल्ड निर्माण | देवि निर्माण सेवा | ९६२९९२.०६ | ९६१२२३.०६ |
| १९७-२०८२।०२। ०६ | वडानं २ र ३ फिल्ड निर्माण तथा फिनिसिङ | वुढाथोकी कन्स्ट्रक्सन | ९५५७७० | ९१००४५ |
| २३-२०८१।०९।१६ | माझकाडा पराजुल सडक | ए एण्ड वि विल्डर्स | ९६२७२३ | ९५२४०७ |
| ४२३-२०८२।०३। २५ | काफलपानी नेटा सडक | नया नेपाल विल्डर्स | ९६१०३६.७५ | ९०६१०९.५८ |
| ३१६-२०८२।०३। १८ | नगरपालिकापरिसरमा सेफ्टी टंकी निर्माण तथा अन्य निर्माण | गंगामाला निर्माण सेवा | ९५५०३१ | ९०९४०८.४ |
| ३८३-२०८२।०३। २४ | वडाकार्यालय फिल्ड तथा वाल निर्माण | कोशेढुङ्गाकन्स्ट्रकसन | ९५६८१६.२ | ९४९२३४.४७ |
| ३९३-२०८२।०३। २४ | नगरपालिकादराज र्याक तथा अन्य निर्माण | आर वि डेकोरेशन | ९५८७४८.५ | ९५४५२९.०८ |
| ३१४-२०८२।०३। १८ | च्यूराकारा समाइला बस्नेउरा हरी गाउ सडक निर्माण | गिता निर्माण सेवा | ९५०१८८.०८ | ९०४७८१.१४ |
| ४०९-२०८२।०३। २५ | दिपेन्द्रप्रा वि शोचालय तथा अन्य निर्माण | निरजएण्ड दिप्सन निर्माण सेवा | ९५९७५२.१७ | ९१३८८७.१७ |
| ३७७-२०८२।०३। २४ | प्रहरीकार्यालय देवस्थल घेरवार तथा पर्खाल निर्माण | सिद्धकालीवान निर्माण सेवा | ६२३७८०.९९ | ६०४६१८.७ |
| **जम्मा** | | | **१०२०९२९२** | **९९१६०४४.६०** |

अतः प्याकेजिङ्ग गरी वोलपत्रमार्फत प्रतिष्पर्धाका आधारमा निर्माण कार्य नगरी कोटेशन लिइ सोझै खरिद गरेकोले मितव्ययी नहुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४७ **पुर्वनिर्धारित क्षतिपुर्ति**

४७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र खरिद सम्झौता बमोजिम खरिद सम्झौतामा तोकिएको म्यादभित्र निर्माण व्यवसायीका कारण कार्य सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलब शुन्य पाँच प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ।आ.वि.घर्ती गाँउ भवन निर्माण ठेक्का न BAKUNAPA/NCB/WORK/34/2080-081 मा २०८१।१२।३० मा कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी संरचना विल्डर्स विरेन्द्रनगर सुर्खेतसंग रु.३४,०८,२४२.२८ र मु.अ.कर रु.४,३९,२३६.५० समेत रु.३८,४७,४७८.७८ मा (मु अ कर बाहेक) सम्झौता भएकोमा निर्माण व्यवसायीले कार्य सम्पन्न भएको निवेदन २०८२।०२।१९ मा दिएपनि वडा कार्यालयको सिफारिस २०८२।०३।२३ मा रहेको अनुगमन समितिको प्रतिवेदनमा कार्य सम्पन्न मिति नरहेको प्राविधिक मुल्याङकन गर्दा कार्य सम्पन्न मिति उल्लेख नभएको र भुक्तानीको टिपनी २०८२।०३।२४ मा रहेकोले तोकेको म्याद भित्र कार्य सम्पन्न नभएको हुँदा २०८२।०३।२३ लाई आधार मन्दा कार्य सम्पन्न मिति भन्दा ३५ दिन ढिला कार्य सम्पन्न भएको हुदा प्रति दिन ०.०५ प्रतिशतले हुने ३५ दिनको रु.५९,६४४.०० पूर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,६४४ |

४७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र खरिद सम्झौता बमोजिम खरिद सम्झौतामा तोकिएको म्यादभित्र निर्माण व्यवसायीका कारण कार्य सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलब शुन्य पाँच प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। भेरी आ.वि. गरा भवन निर्माण ठेक्का न BAKUNAPA/NCB/WORK/18/2080-081 मा २०८१।०६।३० मा कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी विवेक विशाल कन्स्ट्रक्सन प्रा.लि.सारदा १, सल्यानसंग रु.१९९६९१४.७२ र मु.अ.कर रु. २५६९५८.९१ समेत रु.२२५३९१३.६३ मा समझौता भएकोमा निर्माण व्यवसायीले कार्य सम्पन्न भएको निवेदन २०८१।०७।०८ मा दिएकोमा दर्ता २०८१।०७।१३ भएको वडा कार्यालयको सिफारिस, अनुगमन समितिको प्रतिवेदन, प्राविधिक मुल्याङकनमा कार्य सम्पन्न मिति उल्लेख नभएको र भुक्तानीको टिपनी २०८१।०७।१३ मा रहेकोले तोकेको म्याद भित्र कार्य सम्पन्न नभएको हुँदा २०८१।०७।१३ लाई आधार मन्दा कार्य सम्पन्न मिति भन्दा १३ दिन ढिला कार्य सम्पन्न भएको हुदा प्रति दिन ०.०५ प्रतिशतले हुने ३५ दिनको रु.१२९८०.०० पूर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९८० |

४७.३ **पुर्वनिधारित क्षतिपुर्ति**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **११,३६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **ठेक्कापट्टा बन्दोबस्त नभएको**

नदिजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५ (संशोधन २०७७ समेत) को दफा ८ (१) सम्बन्धित स्थानिय तहले आफ्नो क्षेत्र भित्र पर्ने नदिजन्य पदार्थ बिक्री वितरण गर्न सार्वजनिक सुचना जारी गरी प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गरी बिक्री वितरण गर्ने व्यवस्था छ । वातावरणीय परीक्षण प्रतिवेदन तयार भइसकेको अवस्थामा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्म ठेक्का बन्दोबस्त गर्ने गरी समयमा बोलपत्र सुचना आव्हान गर्नुपर्ने, बोलपत्र पर्न नआएमा तिनपटकसम्म बोलपत्र

सुचना IEE मा तोकेको पुरै परिमाण ठेक्का लगाउने गरी सुचना समेत आव्हान गर्नुपर्दछ ।नदीजन्य पदार्थको उत्खनन तथा वातावरणीय गरी राजश्व संकलन गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन उल्लेखित परिमाणको कर्णाली प्रदेश आर्थिक ऐन २०८१ मा तोकेको दररेटमा हुन आउने न्यूनतम मूल्याङकित रकममा वढावढको आधारमा बोलपत्र आव्हान गर्न राजश्व परामर्श समितिले सिफारिस गरेको देखियो। नदीजन्य पदार्थको विवरण देहाय बमोजिम छः

| क्र.सं. | नदी\खोला | उत्खनन योग्य परिमाण (घनफूट) | कर्णली प्रदेशले तोकेको दररेट घनफुट रू. | जम्मा रकम |
|---|---|---|---|---|
| १. | भेरीनदी | ५७७०९०.५७ | ५।- | २८८५४५२.५० |
| २. | वनगाड खोला | ४४७१२५ | ५।- | २२३५६२५ |
| ३. | वालुवा संग्रही खोला | १८८६५० | ५।- | ९४३२५० |
| जम्मा | | | | **६०६४३२७.५०** |

मिति २०८१-०४-१५ को बैठकबाट पलिकाले राजश्व परामर्श समितिको निर्णय वढावढबाट ठेक्का पट्टा वनदोवस्त गरेको पाइएन। ठेक्कापट्टा वन्दोवस्त नगरेको कारण आन्तरिक आम्दानीमा रू. ६०६४३२७.५० असर परेको छ। गत आर्थिक वर्ष २०८०।०८१ मा रू.५६६५१६.०० वरावरको नदीजन्य पदार्थको ठेक्का लागि आम्दानी भएको देखिन्छ। पालिकाले नियमानुसार नदीजन्य पदार्थको ठेक्का लगाउनु पर्ने र ठेक्का नलगेका साइटको कर्मचारी खटाई अमानतबाट असूल गर्नुपर्नेमा अमानतबाटसमेत असुल नहुँदा नदीजन्य पदार्थको आम्दानी शुन्य रहेको छ।धेरै साइटको गतविगत वर्ष ठेक्का नलगेको र लागेकोमा समेत न्यून साइटको लागेको लेखापरीक्षण क्रममा उल्लेख गरेको छ।ठेक्कापट्टा लाग्ने प्रवृति केही वर्षदेखि नहुँदै आएको र अमानतको आय पनि प्रत्येक वर्ष घट्दै आएकोले चोरी निकासी रोक्न आवश्यक प्रवन्ध गरी आय वढाउनुपर्दछ।

## ४९ स्यानिटरी प्याड

४९.१ स्यानिटरी प्याड ३७५०० प्याकेट खरिद गर्न रु.१८०००००.०० को लागत अनुमान स्वीकृत गरी अनलाइन बोलपत्र आव्हान गरेकोमा सबैभन्दा न्यून अंक कबोल गर्ने वि.एन. इन्टरप्राइजेज तातापानी सुर्खेतसंग २०८२।०३।०१ मा आपूर्ति गर्नेगरी २०८२।०२।२६ मा रु.१०४१५७७.५० मा सम्झौता भएकोमा देखिएका बेहोरा देहाय बमोजिम छनः

### ४९.२ ठेक्का फरफारक नगरेको

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२)(क) बमोजिम आपूर्तिकर्ताले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा खरिद सम्झौताको अन्त्य र सोको उपचार उपदफा ३ बमोजिम गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष स्यानिटरी प्याड खरिद गर्न बोलपत्र आव्हान गरेकोमा सबैभन्दा न्यून कबोल अंक रु.१०४९५७७.५० आपूर्तिकर्ता वि.एन.इन्टरप्राइजेज तातापानी सुर्खेतले गरेकोमा खरिद सम्झौता गरेपनि स्यानिटरी प्याड आपूर्ति गरेको देखिएन। खरिद ऐन बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गरी सोको उपचारका प्रक्रिया अवलम्बन नगरेका कारण खरिद कार्य भएको देखिएन।अतः खरिद सम्झौता एवं ऐनले तोकेको प्रक्रिया बमोजिम सम्झौताको अन्त्य र सोको उपचार गरी ठेक्का फरफारक गर्नुपर्दछ।

### ४९.३ कार्यसम्पादन जमानत

सार्वजनिक खरिद नियमावली २०६४ को निमय ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा समान खरिदको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढ़ी अवधि सम्म र खरिद सम्झौता वमोजिम त्रुटी सच्याउने अवधि सम्मको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा स्यानिटरी प्याडको खरिद सम्झौताका लागि आपूर्तिकर्ता वि.एन.इन्टरप्राइजेज तातापानी सुर्खेतले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतको जमानी पत्र नम्बर P२५४०८०००१०३ को रु. ३०५०००.०० को कार्यसम्पादन जमानत पेश गरेकोमा सोको म्याद २०८२।०१।०३

सम्म रहेकोमा पालिकाले बैंकलाई नगरपालिकाको राजश्व खातामा रकम जम्मा गर्न पत्राचार गरेको भएपनि उक्त रकम जफत नभएको र जमानतको अवधि समेत समाप्त भएकाले सरकारी बाँकी सरह असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०५,००० |

५० **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली २०६४ को निमय ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा समान खरिदको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढ़ी अवधि सम्म र खरिद सम्झौता वमोजिम त्रुटी सच्याउने अवधि सम्मको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ ।विधुतीकरणका लागि ठेक्का नं.BAKUNAPA/NCB/WORKS/17/2076-077, निर्माण व्यवसायी सुनिता एण्ड कविता कन्स्ट्रक्सन प्रा.लि.संग रु.२२१२१५०१.८२ मा ठेक्का सम्झौता गरेकोमा कार्य सम्पन्न भएपनि विधुतप्राधिकरणलाई च.नं.६२२ मिति २०८०।०९।११ को पत्रबाट आर्थिक वर्ष २०७६।०७७ मा ठेक्कामार्फत विधुतिकरणको कार्य सम्पन्न भएकोले सुपरीबेक्षणका लागि आवश्यक कागजात सहित नेपाल विधुतप्राधिकरण वितरण नियमावली २०७८ विनियम ४९.५ बमोजिम हुन आउने रकम रु. २९३७३४.००, मिति २०७८।१०।२४ गते त्यहाँ कार्यालयको नाममा भुक्तानी भैसकेकोमा हालसम्म सुपरिवेक्षण प्रतिवेदन प्राप्त नभई ४ वटा ट्रान्सफर चार्ज भएको जानकारी मात्र प्राप्त भएकोले निर्माण व्यवसायीलाई रकम भुक्तानी गरी फरफारक गर्न यस कार्यालयलाई कठिनाई भएको हुँदा सुपरिवेक्षण प्रतिवेदन पठाइदिन श्री नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रलाई पत्राचार गरेकोमा केन्द्रले २०७८।१०।९ च.नं. ५३० बाट विद्युत लाईनहरु अनिवार्य विद्युत प्राधिकरणको कन्सट्रक्सन मापदण्ड बमोजिम हुनुपर्ने हुँदा नेपाल विद्युत प्राधिकरण वितरण नियमावली, २०७८ को विनियम ४९ को उपविनियम ५ बमोजिम अनिवार्य रुपमा विद्युत प्राधिकरणबाट सुपरिवेक्षण गराउनुपर्ने हुँदा कुल लागतको १.५ प्रतिशत वरावरको रकम स्थानीय कार्यालयमा वुझाउनुपर्ने उल्लेख भएको व्यहोरा लेखि आएको देखिन्छ।सुपरिवेक्षण प्रतिवेदन उपलव्ध गराइदिन केन्द्रलाई मिति २०८१।१०।१४ र २०८१।२।२ मा पुनः पत्राचार भएकोमा उक्त प्रतिवेदन प्राप्त नभएको पालिकाले जनाएको छ।उक्त खरिद सम्झौताको म्याद २०८२ असार मसान्त सम्म भएकोमा नेपाल विधुत प्राधिकरणले सुपरीवेक्षण प्रतिवेदन उपलव्ध नगराएकोले २०८२।९।२० सम्म ठेक्काको म्याद थप भएको देखिन्छ।उक्त ठेक्काको कार्यसम्पादन जमान्त रु ११५००००.०० को म्याद २०८१।३।३२ सम्म रहेकोमा जमानतको म्याद थप नभएकोले जमानत जोखिममा परेको हुँदा म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,५०,००० |

५१ **डुंगा भाडा**

राजश्व परामर्श समितिको मिति २०८१।४।१५ गतेको निर्णयानुसार पालिकामा रहेका रबरका दसिट वा मुनिको क्षेमता भएको राफटिङ बोट भाडामा लगाउन २०८१।४।१६ मा पालिकाले प्रति डुंगा मासिक रु.१६५००.०० का दरले सूचना प्रकाशन गरेकोमा बिड पर्न नआएको मौखिक जनाएकोमा निर्णय गरेको देखिएन। प्रथम पटक विड पर्न नआए पनि दोस्रो र तेस्रो पटक सूचना प्रकाशन गरेको छैन। पालिकामा ३ वटा डुंगा रहेकोमा हालसम्म भाडा नलगाएकोले प्रयोग विहिन अवस्थामा रहेको पाइयो। कुपिण्डे तालमा सञ्चालनमा रहेका डुंगा समेत सूचीकरण गर्न मिति २०८१।४।२३ मा सूचना प्रकाशन गरेकोमा सूचि दर्ता हुन आएको देखिएन।दुर्घटना विमा र लाईफ ज्याकेट समेतको व्यवस्था गराई डुंगा सञ्चालनको आवश्यक प्रबन्ध मिलाई अतिरिक्त आय वृद्धि गराउनुपर्दछ ।

५२ **ठेक्का अधुरो**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (२) क बमोजिम निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा उपदफा ३ (ख) बमोजिम सो काम गर्न वा गराउन लाग्ने थप खर्च वापत निजले व्यहोर्नुपर्ने दायित्व यकिन गरी उपदफा ७ बमोजिम जुनसुकै वखत सम्झौता अन्त्य गरी उपलफा ८ बमोजिम जमानत जफत गरी थप लाग्ने दायित्व रकम सरकारी बाकी सरहअसुल गर्नुपर्दछ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ (१) बमोजिम कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन

कार्यालयमा लेखी पठाउनु पर्ने व्यवस्था समेत छ।सरस्वती प्राथमिक विद्यालय भवन निर्माण सुनौली वडा नं ६, ठेक्का नं BAKUNAPA/NCB/WORKS/15/2081-82 मा लागत अनुमान रु ६५२०६५५.५२ स्वीकृत भई अनलाईन विड आव्हान गरेकोमा सवैभन्दा घटी कवोल गर्ने निर्माण व्यवसायी कमल निर्माण सेवा कालीमाटीको कवोल रकम ४३०९९५६.२४ स्वीकृत गरी २०८२।३। १५ मा कार्यसम्पन्न गर्नेगरी २०८१।१२।२५ मा सम्झौता भएको देखियो।उक्त निर्माण सेवाले निर्माण कार्य शुरु नगरेको र म्याद थपको लागि निवेदन समेत नदिएको अवस्थामा कार्यापालिकाको निर्णयबाट २०८२।९।१५ सम्म म्याद थप गरेकोमा हालसम्म भौतिक र वित्तीय प्रगति शुन्य रहेको देखियो। आर्थिक बर्ष २०८२।८३ मा वजेट विनियोजन नभएको र ठेक्का अलपत्र परेकोले कार्यसम्पादन जमानत, विमाको म्याद थप गरी पुर्वनिर्धारित क्षतिपुर्ति लिई कार्यसम्पन्न गर्ने अन्यथा सार्वजनिक खरिद ऐन र नियमावली वमोजिम ठेक्का फरफारक गर्नुपर्दछ ।

## ५३ **१५ शैया अस्पताल**

५३.१ १५ शैया आधारभूत अस्पताल भवन निर्माण गर्न ठेक्का लागत रु १७२५८९६२८.५० (मूल्य अभिवृद्धि कर र पि.एस. समेत) स्वीकृत भई अनलाईन सूचना प्रकाशन भएकोमा सवैभन्दा घटी कवोल गर्ने निर्माण व्यवसायी ग्राण्ड डिजाइन एण्ड कन्सट्रक्सनसंग रु ११११८६०७७.७० मा २०८१।३।२० मा कार्य सम्पन्न गर्नेगरी २०७९।३।१ मा सम्झौता भएकोमा पाचौं रनिङ्ग विलसम्म रु ६०४६६२९५.०० मूल्य समायोजन समेत भुक्तानी भएकोमा देखिएका व्यहोरा देहायवमोजिम छनः

५३.२ श्रोत सुनिश्चितता नभएको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (५) बमोजिम सार्वजनिक निकायले बहुवर्षिय सम्झौता बमोजिम गरिने खरिदको हकमा उपनियम २ को खण्ड क बमोजिम अन्य वर्षको लागि खरिद कारवाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चिता गरेर मात्र खरिद कारवाही सुरु गर्नुपर्ने व्यवस्था छ। यसै गरी सोहि नियमको उपनियम २ क बमोजिम बहुवर्षिय खरिद सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षका लागि आवश्यक बजेट व्यवस्था भएपछि अन्य वर्षका लागि खरिद कारवाही गर्न सकिने व्यवस्था छ। अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्रोत सुनिश्चितता गरेको आधार प्रमाण पेश नभएको र खरिद सम्झौता बमोजिम २०८१।३। २० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८२ असार मसान्तसम्म वित्तीय एवं भौतिक प्रगति ५४.४९ भएको देखियो । वजेट अभाव र निर्माण व्यवसायीले समेत कार्यतालिका बमोजिम कार्य नगरेका कारण निर्माण कार्यमा ढिलाइ हुदा प्रगति न्युन भएकोले श्रोत सुनिश्चिता गरी कार्यतालिका बमोजिम कार्य गराउनु पर्दछ।

५३.३ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली २०६४ को निमय ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक उपनियम (१) वमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि हस्तान्तरण गर्नुपर्ने अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढ़ी अवधि सम्म राख्नुपर्ने व्यवस्था छ ।१५ शैया अस्पतालको दोश्रो पटक २०८२।९।२० सम्म म्याद थप भएकोमा माछापुच्छ्रे बैंकको कार्यसम्पादन जमानत रु २३३१६८५६.८० को जमानत अवधि २०८३। १०।२० सम्म हुनुपर्नेमा २०८३।३।३० सम्म रहेकोले घटी अवधिको म्याद थप गर्नुपर्दछ।

५३.४ अवधि थप र प्रगति

सम्झौता बमोजिम तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा स्रोत सुनिश्चितता नहुदा बजेट प्राप्ति नभएको, साइटको समस्या, निर्माण सामाग्री अभाव, मनसुन छिटो भित्रिएको, चाडपर्व आदिका कारण सार्वजनिक खरिद नियमावलीको संशोधनको आधारमा समेत दोश्रो पटक २०८२।९।२० सम्म नगर कार्यपालिकाको निर्णयबाट १८ महिना अवधि थप गर्ने निर्णय भएको देखियो। सम्झौताको अवधि ७३ प्रतिशत थप गरेपनि ५४.४९ प्रतिशत वित्तीय एवं भौतिक प्रगति भएको छ। बजेट अभाव र स्रोत सुनिश्चितता नभएको कारण

निर्माण कार्य सकिने अवधि निश्चित देखिदैन। तालुक निकायले बजेटको सुनिश्चितता गरी बजेट समयमा उपलब्ध गराइ निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

५४ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ।यस पालिका अन्तर्गतका ८ बर्थिङ सेन्टरमा आर्थिक वर्ष २०८०।०८१ मा न्यानो झोला जिम्मेवारी सारेको ६७८ थान र आर्थिक वर्ष २०८०।०८१ र २०८१।०८२ मा न्यानो झोला खरिद गरेको देखिएन। गत वर्ष २७८ जना र यस वर्ष २८० जना गरी जम्मा ५५८ जना प्रसुति भएकोमा न्यानो झोला १२० थान मौज्दात रहेको अभिलेखबाट देखिन्छ।अतः खपत हुने गरी खरिद कार्य गर्ने र मौज्दात रहेकोमा सुरक्षित भण्डारण गर्नुपर्दछ।

५५ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले देहायका ५ वटा कार्यक्रमा रु. ४५७४८०८.०० यस वर्ष बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धीको समेत मापन गरेको देखिएन। अनुदान मागदाबीको सूचना प्रसारण नभएको, छनौटको आधार तय नभएको र वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरी अनुदान उपलब्ध गराएको छ। अनुदान सम्बन्धी विवरण देहाय बमोजिम छः

| क्र स | अनुदान प्राप्त गर्ने संस्था । व्यक्ति।समूह | कार्यक्रम | सम्झौता रकम रु. | अनुदान भुक्तानी | | | पशु/ कृषि क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | | | | गतवर्ष सम्म भुक्तानी रु. | यस वर्षको भुक्तानी रु. | जम्मा भुक्तानी रु. | |
| १ | बाख्रापालन कृषक समूह विहानी महिला पशुपालन कृषक समूह | बाख्रा पाकेट कार्यक्रम ५०%अनुदानमा | २९३१२१२ | ० | २९३१२१२ | २९३१२१२ | पशु |
| २ | व्यवसायिक कृषक | ५० % अनुदानमा कृषीयन्त्र वितरण कार्यक्रम | ८३२०२३ | ० | ८३२०२३ | ८३२०२३ | कृषी |
| ३ | व्यवसायिक कृषक | ५०% अनुदानमा पलाष्टिक टनेल वितरण कार्यक्रम | ३८०७५८ | ० | ३८०७५८ | ३८०७५८ | कृषी |
| ४ | व्यवसायिक कृषक | ७५% अनुदानमा हिउदे वर्षे फलफुल विरुवा वितरण कार्यक्रम | १३०२७१ | ० | ३९०८१५ | ३९०८१५ | कृषी |
| ५ | व्यवसायिक कृषक | ५०% अनुदानमा स्प्रे टंकी वितरण कार्यक्रम | ४०००० | ० | ४०००० | ४०००० | कृषी |
| जम्मा | | | ४३१४२६४ | ० | ४५७४८०८ | ४५७४८०८ | |

तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ। अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनौटको आधार तय गरी पारदर्शी रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ।

५६ **बिउ वितरणको अनुगमन (६-२०८२।०३।२५)**

प्रदेश सशर्त अनुदानमा सञ्चालित पशु आहार तथा स्वास्थ्य सुधारका लागि प्रोबायोटिक तथा घाँसको बिउ वितरण कार्यक्रम अन्तर्गत किम्बु,नेपियर,टाँकी,बडहरका बिउ खरिद बापत हरि ओम नर्सरी फर्मलाई रु. १,३३,७००।०० भुक्तानी भएको छ।बिउ वितरण सम्बन्धी सूचना पालिकाको वेबसाइटमा राखेकोले सबै कृषकको जानकारीमा नपुगेको कारण कृषक छनौट र बिउको आवश्यकता औचित्यपूर्ण भयो भन्न सकिएन।बिउ वितरणपछि त्यसको उपयोग र सम्भारको अवस्थाको अनुगमन भएको पाइएन।यसले गर्दा प्रदेश सरकारको लगानी बालुवामा पानी त भएन भन्ने आंकलन गर्न सकिन्छ।यसर्थ कृषकको सहज पहुँचमा सूचना सम्प्रेषण गर्न वडागत रुपमा जानकारी गराउने र आवश्यकतामा आधारित भई वितरण कार्य गर्नुपर्दछ।साथै वितरण पछिको उपयोगिता सुनिश्चित गर्न पालिकाले अनुगमनलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनुपर्छ।

५७ **शिक्षा तर्फ**

५७.१ **प्रति विद्यार्थी लागत**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२४** को निर्णयले रू **१,३२५,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७.२ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयमा अनुसुचि ३ बमोजिमको पुर्वाधार हुनुपर्ने व्यवस्था छ।अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम रहेको छः-

| क्र सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | विद्यार्थीसंख्या | अनुपात |
|---|---|---|---|---|
| १ | भैरवी आधारभुतविद्यालय | ३ | ९७ | १:३२ |
| २ | कृष्ण प्राथमिकविद्यालय | १ | १९ | १:१९ |
| ३ | प्रभाकर माध्यमिकविद्यालय | ११ | ७०२ | १:६३ |
| ४ | जनता प्राथमिकविद्यालय | ३ | २२ | १:७ |
| ५ | गंगा प्राथमिकविद्यालय | ० | ६ | ० |
| ६ | शैक्षिक जनचेतना प्रावि | ० | १२ | ० |
| ७ | अमर सहिद गंगालाल प्रावि | ३ | ५८ | १:१९ |
| ८ | गंगा प्राथमिकविद्यालय | २ | १४ | १:७ |
| ९ | जनकल्याण प्राथमिकविद्यालय | १ | ४५ | १:४५ |
| १० | आधारभुत विद्यालय | ३ | ८३ | १:२७ |
| ११ | बाशुका प्राथमिकविद्यालय | १ | ३१ | १:३१ |
| १२ | आधारभुत विद्यालय | ४ | २०० | १:५० |
| १३ | भगवती प्राथमिक विधालय | ० | १४ | ० |
| १४ | शारदा आधारभुतविद्यालय | ३ | १५९ | १:५३ |
| १५ | जनता प्राथमिक विधालय | ० | १० | ० |
| १६ | बालज्योती प्राथमिकविद्यालय | ३ | ५५ | १:१८ |
| १७ | नेपाल राष्ट्रियप्राथमिक विद्यालय | ३ | ४४ | १:१४ |
| १८ | मुक्ति माध्यमिकविद्यालय | ८ | ५२५ | १:६५ |
| १९ | सरस्वती प्राथमिकविद्यालय | ३ | ५९ | १:१९ |
| २० | बाललिला प्राथमिक विधालय | ० | ८ | ० |
| २१ | ध्रुबतारा प्राथमिकविद्यालय | १ | १९ | १:१९ |
| २२ | जनता प्राथमिकविद्यालय | ३ | ५० | १:१६ |
| २३ | जय नेपाल आ वि | ५ | १४० | १:२८ |
| २४ | अमर प्राथमिक विद्यालय | ३ | ५० | १:१६ |
| २५ | जनता प्राथमिकविद्यालय | ३ | ३३ | १:११ |
| २६ | भगवती आधारभुतविद्यालय | ४ | १७३ | १:४३ |
| २७ | सरस्वती आधारभुतविद्यालय | ३ | २१३ | १:७१ |
| २८ | लक्ष्मी प्राथमिकविद्यालय | ० | ७ | ० |
| २९ | रामजानकी प्राथमिकविद्यालय | ३ | ७६ | १:२५ |
| ३० | त्रिभुवन जनतामाध्यमिक विद्यालय | २२ | ९४२ | १:४२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | जनता प्राथमिकविद्यालय | ३ | ५६ | १:१८ |
| ३२ | कालिका प्राथमिकविद्यालय | ३ | ६१ | १:२० |
| ३३ | सरस्वती प्राथमिकविद्यालय | ३ | ५५ | १:१८ |
| ३४ | राधा आधारभुत विद्यालय | ४ | २१३ | १:५३ |
| ३५ | बुद्ध प्राथमिकविद्यालय | ३ | ३२ | १:१० |
| ३६ | लक्ष्मी प्राथमिकविद्यालय | ३ | ४९ | १:१६ |
| ३७ | बाल कल्याण प्राथमिकविद्यालय | ३ | ४७ | १:१५ |
| ३८ | कृष्ण माध्यमिकविद्यालय | ११ | ३०९ | १:२८ |
| ३९ | जीवनज्योती प्राथमिकविद्यालय | २ | ७४ | १:३७ |
| ४० | बाल सरस्वती प्राथमिकविद्यालय | १ | ८ | १:८ |
| ४१ | नवज्योती माध्यमिकविद्यालय | ४ | ३९६ | १:९९ |
| ४२ | दिपेन्द्र प्राथमिकविद्यालय | ३ | ६० | १:२० |
| ४३ | कुपिण्डेश्वरीप्राथमिक विद्यालय | ४ | १४६ | :३६ |
| ४४ | महादेव प्राथमिकविद्यालय | ३ | ६४ | १:२१ |
| ४५ | प्रतिभा माध्यमिकविद्यालय | ४ | १८९ | १:४७ |
| ४६ | अमर प्रकाश प्राथमिकविद्यालय | ३ | ६३ | १:२१ |
| ४७ | काफलगैरी प्राथमिक विधालय | १ | २३ | १:२३ |
| ४८ | जनकल्याण आधारभुतविद्यालय | ४ | १७६ | १:४४ |
| ४९ | दिपसृजना प्राथमिकविद्यालय | १ | ३१ | १:३१ |
| ५० | प्रेमज्योती प्राथमिक विधालय | १ | १९ | १:१९ |
| ५१ | आधारभूत विद्यालय | ३ | ८० | १:२६ |
| ५२ | भगवती आधारभुतविद्यालय | ४ | १६७ | १:४१ |
| ५३ | शिव प्राथमिक विद्यालय | १ | ४३ | १:४३ |
| ५४ | महेन्द्र माध्यमिकविद्यालय | ९ | ३२८ | १:३६ |
| ५५ | लक्ष्मी प्राथमिकविद्यालय | ३ | ३६ | १:१२ |
| ५६ | नवज्योती प्राथमिकविद्यालय | ३ | ५६ | १:१८ |
| ५७ | भानुभक्त प्राथमिकविद्यालय | ३ | १९ | १:६ |
| ५८ | भेरी आधारभूत विद्यालय | ३ | १२३ | १:४१ |
| ५९ | सिद्देश्वरी माध्यमिकविद्यालय | ९ | २६८ | १:२९ |
| ६० | दुर्गा देवी प्राथमिकविद्यालय | ३ | ४२ | १:१४ |
| ६१ | गोब्राही प्राथमिकविद्यालय | ३ | ५८ | १:१९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | अन्धविशिनी प्राथमिकविद्यालय | ३ | २९ | १:९ |
| ६३ | सरस्वती प्राथमिकविद्यालय | ३ | ५३ | १:१७ |
| | जम्मा | २१३ | ७२३९ | १:३४ |

उपरोक्त विवरण अनुसार ६३ विद्यालयमा शिक्षक दरबन्दी २१३ रहेकोमा विद्यार्थी संख्या ७२३९ रहेको देखिन्छ भने पालिकाको शिक्षक विद्यार्थी औसत अनुपात १:३४ रहेको देखिन्छ।विद्यालय मर्ज गर्ने र भौगोलिक विकटताले नमिल्ने स्थानमा कक्षा घटाई शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

५७.३ **पाठ्यपुस्तक वितरण**

